मोहन्याल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प. सं. : २०८३/८४
च. नं.:

खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## भोटेकोशी बाढीबाट भएको जनधनको क्षतिप्रति गहिरो दु:ख व्यक्त गर्दै सहयोगको घोषणा

मिति २०८३ साल भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा लगायतका जिल्लाहरुमा ठूलो जनधनको क्षति भएको दु:खद् खबरले मोहन्याल गाउँपालिका, कैलाली अत्यन्तै मर्माहत भएको छ। प्रकृतिको कठोर प्रहारका रूपमा आएको यस विपत्तिले कैयौं परिवारका प्रियजन गुमाएको छ, धेरैको घरआँगन उजाडिएको छ, जीवनभरको मेहनतले जोडेको सम्पत्ति क्षणभरमै बगाएको छ। कसैको आश्रय खोसिएको छ, कसैको रोजीरोटी हराएको छ भने कसैको परिवार नै अधुरो बनेको छ। बाढीले पुऱ्याएको भौतिक क्षतिभन्दा पनि आफ्ना आफन्त, अभिभावक, सन्तान तथा प्रियजन गुमाउनुपर्दाको पीडा अझ गहिरो र अकल्पनीय छ।

यस दु:खद् घडीमा शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं। विपत्तिमा ज्यान गुमाउनुहुने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते तथा प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। साथै, आफ्नो घरबार, सम्पत्ति र जीवनको आधार गुमाएर पीडामा रहेका दाजुभाइ तथा दिदीबहिनीहरूको दु:खमा मोहन्याल गाउँपालिका परिवार भावनात्मक रूपमा सँगै रहेको प्रतिबद्धता व्यक्त गर्दछ। दु:खको घडीमा एकअर्काको आँसु पुछ्नु, पीडामा मल्हम लगाउनु र मानवीय कर्तव्य निर्वाह गर्नु नै हाम्रो सामाजिक दायित्व हो। यही मानवीय संवेदना र आपसी ऐक्यबद्धताको भावनालाई आत्मसात् गर्दै **मोहन्याल गाउँपालिका, कैलालीले बाढीपीडितहरूको राहत तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु.२,००,००० (अक्षरेपी दुई लाख रुपैयाँ) सहयोग गर्ने निर्णय गरेको छ।** यो सहयोग रकम ठूलो विपत्तिको तुलनामा सानो हुन सक्छ, तर पीडामा रहेका नागरिकप्रति हाम्रो साथ, सहानुभूति र मानवीय जिम्मेवारीको प्रतीक हो। देशको जुनसुकै भूगोलमा विपत्ति आइपरे पनि नेपाली मन र नेपाली समाज एकअर्काको दु:खमा उभिनुपर्छ भन्ने विश्वासका साथ यो सहयोग निर्णय गरिएको हो।

यस कठिन परिस्थितिमा प्रभावित नागरिकहरूको उद्धार, राहत, उपचार तथा पुनर्स्थापनाका कार्यलाई थप प्रभावकारी बनाउन तीनै तहका सरकार, सुरक्षा निकाय, सामाजिक संघसंस्था, निजी क्षेत्र तथा सम्पूर्ण नागरिक समाजबीच सहकार्य र एकताका साथ अघि बढ्न मोहन्याल गाउँपालिका हार्दिक आह्वान गर्दछ। अन्ततः, यस प्राकृतिक विपत्तिबाट प्रभावित सम्पूर्ण नागरिकलाई धैर्य धारण गर्ने शक्ति मिलोस्, शोकसन्तप्त परिवारलाई यस असह्य पीडाबाट अघि बढ्ने साहस प्राप्त होस् र प्रभावित बस्तीहरूमा चाँडै नै सामान्य जनजीवन फर्कियोस् भन्ने कामना गर्दछौं।

मिति २०८३ भाद्र ११ गते

(देवीदत्त उपाध्याय)
अध्यक्ष

Website: https://mohanyalmun.gov.np/
Email: ito.mohanyalmun@gmail.com